# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को दफा(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः** महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**सूचना सार्वजनिक गरेको अवधिः** २०७८ श्रावणदेखि २०७८ असोज मसान्तसम्म

## १. निकायको स्वरुप र प्रकृतिः

"ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम"को रुपमा आ.व. २०३९।०४० मा शुरु भएको महिला विकास अभियान कार्यक्रमहरुबाट प्राप्त उपलब्धी, अनुभव र समसामयिक आवश्यकताका आधारमा २०५२ असोज ६ गते "महिला तथा समाज कल्याण मन्त्रालय"को स्थापना भएको थियो ।महिला तथा समाजका विभिन्न वर्गको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै दिगो शान्ति एवं विकासमा उनीहरुको भूमिकालाई सशक्त बनाउने कार्यमा संलग्न महिला तथा समाज कल्याण मन्त्रालयको नाम परिवर्तन गरी बालबालिकालाई अझ उच्च प्राथमिकता दिने हेतुले वि.सं. २०५७ मा "महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय" नामाकरण गरियो।वि.सं. २०७५ सालबाट यस मन्त्रालयको नाम "महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय" रहेको छ ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ आनुसार महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको कार्यक्षेत्र भित्र महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको साथै अध्ययन, अनुसन्धान तथा सर्वेक्षणका विषयहरु तोकिएका छन् । यसैगरी अनाथ बालबालिका, असहाय महिला, बृद्धबृद्धा, अपाङ्गता भएका व्यक्तिहरु र अशक्तको संरक्षण, बालबालिकाको कल्याण, ज्येष्ठ नागरिकको सुरक्षा र कल्याण, महिला कल्याण तथा सीप विकास पनि यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछन् । यस मन्त्रालयको दायरा भित्र राष्ट्रिय महिला आयोग, समाज कल्याण परिषद्, , राष्ट्रिय बाल अधिकार परिषद, समाज कल्याण केन्द्र (पशुपति बृद्धाश्रम) र बाल मन्दिरका विषयहरु पनि पर्दछन् ।

महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ-संस्थासँग सम्पर्क, समन्वय तथा परिचालन र सरकारी तथा गैर-सरकारी संघ-संस्थाद्वारा कार्यान्वयन गरिएका महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी कार्यक्रमको अनुगमन गर्ने लगायत धर्मपुत्र र धर्मपुत्री, लैंङ्गकि हिंसा सम्बन्धी विषयहरु पनि नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्न आउँछन् ।

यसरी विभिन्न नीति, ऐन, नियम (कानूनहरु), दीर्घकालीन तथा आवधिक योजनाहरु, नेपाल पक्ष भएका क्षेत्रीय एवं अन्तर्राष्ट्रिय महासन्धि तथा इच्छाधिन आलेखहरु, नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सभा/सम्मेलनहरु यस मन्त्रालयका कार्यादिशका आधारहरु हुन । मन्त्रालयले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र तेश्रो लिङ्गी समेतको लागि समय सापेक्ष नीति निर्माण, समन्वय र सहकार्य तथा कार्यक्रम संचालन(मूलतः सचेतना अभिबृद्धि र सशक्तिकरण गर्ने कार्य) गर्दछ ।

समग्रमा मूलप्रवाहीकरण, सशक्तिकरण र समावेशीकरण जस्ता रणनीतिको आधारमा समतामय सम्पन्न समुदाय निर्माण, विभिन्न विपन्न वर्गका लागि समयको प्रवाहसँगै सार्थक पहल गर्ने उद्देश्यपूर्तिका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको स्थापना भएको हो ।

## २. निकायको काम, कर्तव्य र अधिकारः

**नेपाल सरकार कार्यविभाजन नियमावली २०७४ बमोजिम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यक्षेत्र**

१) महिला हक एवं सशक्तिकरणसम्बन्धी नीति, कानून र मापदण्ड,
२) अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री,
३) महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण,
४) जेष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्तिसम्बन्धी,
५) महिला सशक्तिकरण तथा लैङ्गिक समानताका विषयमा अध्ययन, अनुसन्धान,
६) लैङ्गिक हिंसा सम्बन्धी निरोधात्मक र पुनर्स्थापनासम्बन्धी नीति, कानून र मापदण्ड,
७) बालबालिका, बालकल्याण, उद्धार, पुनर्स्थापना र बृद्धाश्रमसम्बन्धी नीति, कानून, र मापदण्ड,
८) गैरसरकारी संस्था सम्बन्धी नीति, कानून, मापदण्ड, नियमन र अनुगमन,
९) राष्ट्रिय महिला आयोग,
१०) समाज कल्याण परिषद्,
११) मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
१२) मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

## ३. निकायमा रहने कर्मचारी सख्या विवरणः

- महिला, वालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको : दरबन्दी संख्या ८६
- महिला तथा वालबालिका बिभाग : दरबन्दी संख्या १९
- समाज कल्याण परिषद् : दरबन्दी संख्या १७०
- राष्ट्रिय बाल अधिकार परिषद् : दरबन्दी संख्या २१ (७ स्थायी, १४ अस्थायी र परियोजनाका समेत)
- पशुपती वृद्धाश्रम : दरबन्दी संख्या २९(अस्थाई र करार समेत)
- बाल सुधार गृहः भक्तपूर, कास्की, मोरङ, मकवानपूर, डोटी, रुपन्देही, बाँके, पर्सा
- बाल गृहः  मोरङ, सप्तरी, रुपन्देही
- दिवाशिशु स्याहार केन्द्रः सिंहदरवार

## ४. निर्णय गर्ने प्रक्रिया र अधिकार

- मन्त्रालयको आन्तरिक व्यवस्थापनको लागि ३ चरण
- क्याविनेटमा जाने प्रस्तावको लागि ४ चरण

## ५. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- उजुरी सुन्ने अधिकारी उप-सचिव श्री दिवस आचार्य (नीति,योजना तथा अनुगमन शाखा)
- गुनासो उपर पुनरावेदन सुन्ने अधिकारी सह-सचिव श्री उमेश ढुङ्गाना (प्रशासन महाशाखा)

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

यस मन्त्रालयमा सेवा प्रदान गर्ने तपशिल बमोजिमका महाशाखा र अन्तर्गत शाखाहरु रहेका छन् भने जिम्मेवार अधिकारीको रुपमा ती महाशाखा र शाखा प्रमुख हुने व्यवस्था रहेको छ ।

**प्रशासन महाशाखा**

१. कर्मचारी प्रशासन शाखा

२. आर्थिक प्रशासन शाखा
३. नीति, योजना तथा अनुगमन शाखा
४. कानून तथा फैसला कार्यान्वयन शाखा
५. बाल संरक्षण तथा विकास शाखा

**<u>महिला सशक्तिकरण महाशाखा</u>**

१. मानव बेचविखन तथा ओसारपसार नियन्त्रण शाखा
२. महिला विकास तथा लैंगिक मूलप्रवाहीकरण शाखा
३. लैंगिक हिंसा निवारण शाखा
४. तथ्यांक विश्लेषण तथा प्रकाशन शाखा

**<u>समाज कल्याण तथा संघ संस्था समन्वय महाशाखा</u>**

१. ज्येष्ठ नागरिक संरक्षण शाखा
२. अपांगता अधिकार प्रवर्द्धन शाखा
३. संघ संस्था समन्वय शाखा

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रालयको संगठनिक संरचना



## ७. सूचना अधिकारी र प्रमुखको नाम र पद

सचिव, श्री याम कुमारी खतिवडा, सम्पर्क नम्बर: ४२००४०८

प्रवक्ताM श्री उमेश ढुङ्गाना(सहसचिव), सम्पर्क नम्बरM ९८५११५०३७४

सूचना अधिकारी: श्री दिवस आचार्य (उप-सचिव), सम्पर्क नम्बर: 9851255354, ४२००२५१

## ८. नीति, राष्ट्रिय कार्ययोजना, ऐन, नियम तथा निर्देशिकाको सूचीः

### क) राष्ट्रिय कार्ययोजनाहरू

- बालबालिका सम्वन्धि राष्ट्रि«य नीति, २०६९
- ज्येष्ठ नागरिक सम्वन्धी कार्ययोजना, २०६२,
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०
- लैङ्गिक समानता तथा महिला सशक्तिकरण (बेइजिङ्ग कार्ययोजना) कार्यान्यनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६१
- मानव बेचविखन विशेष गरी महिला तथा वालवालिकाहरूको बेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८
- अपाङ्गता सम्बन्धी १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना (२०७३–२०८२)
- राष्ट्रपति महिला उत्थान कार्यक्रम १० वर्षे रणनीति योजना, २०७५
- महिला उद्यमशिलता विकास र वित्तिय पहुँच सम्वन्धी अवधारणा, २०७५

### ख) ऐन, निर्देशिका, रणनीति, कार्यविधि तथा मापदण्डहरू

**बालबालिका सम्बन्धी**

- बालबालिका सम्बन्धी ऐन, २०७५
- बालबालिका सम्बन्धी नियमावली, २०५१
- आपत्कालीन बाल उद्धार कोष(सञ्चालन) नियमावली, २०६७
- बाल विवाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२
- सडक बालबालिकाको व्यवस्थापन मार्गदर्शन, २०७२
- सिंहदरवार परिसर भित्र निजामती कर्मचारीका शिशुहरुको लागि संचालित दिवा शिशुस्याहार केन्द्र संचालन कार्यविधि, २०७१
- बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि, २०७५
- सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७५
- बालगृह संचालन कार्यविधि, २०७५
- बाल संरक्षण आर्थिक राहत सहयोग, कार्यविधि, २०७६
- आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९
- सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकिकृत कार्यविधि, २०७६
- बाल हेल्पलाइन नम्बर १०९८ सञ्चालन कार्यविधि, २०७६
- बालबालिका खोजतलास नम्बर १०४ सञ्चालन निर्देशिका, २०७६
- सृजनशील बाल प्रतिभा प्रोत्साहन कार्यविधि, २०७७

**महिलासम्बन्धी**

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) ऐन, २०७१
- बोक्सी आरोप विरुद्धको कसुर र सजाय ऐन, २०७२
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली (संशोधन), २०६५
- लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७
- एकल महिला सुरक्षा कोष नियमावली, २०७०
- एकल महिला सुरक्षा कोष नियमावली, (पहिलो संशोधन)२०७६
- छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४
- पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८
- मानव बेचबिखन विरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८
- पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका (पहिलो संशोधन) , २०७२
- मानव बेचबिखन तथा ओसारपसारबाट पिडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४
- मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन निर्देशिका), २०७०
- एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१
- मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समितिको सदस्य छनौट मापदण्ड, २०७४
- श्रमजीवी महिलाहरु प्रति डान्स रेष्टुरेन्ट, डान्सबार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५
- राष्ट्रपति महिला उत्थान कार्यक्रम संचालन कार्यविधि, २०७४
- लैंगिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल (Male Leader Network)परिचालन सम्बन्धी कार्यविधि, २०७५
- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०७५
- दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७५
- लैंगिक हिंसा पीडितको तत्काल उद्धार, राहत, न्यायमा पहुँच तथा पुनर्स्थापना सम्बन्धी नमूना कार्यविधि, २०७६
- राष्ट्रपति महिला उत्थान बहुआयामिक नमुना ग्राम स्थापना, सञ्चालन तथा व्यवस्थापनको कार्यक्षेत्रगत शर्त, २०७५
- अल्पकालिन सेवा केन्द्रको नमुना कार्यक्षेत्रगत शर्त -Terms of Reference_, २०७४
- दीर्घकालीन मंगलासहाना पुनर्स्थापना केन्द्र स्थापना सम्वन्धी कार्यक्षेत्रगत शर्तहरु, २०७५
- जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन मापदण्ड, २०७७
- महिला उद्यमशीलता सहजीकरण केन्द्र संचालन कार्यविधि, २०७७
- महिला उद्यमशीलता विकास वित्तिय पहुँच टेवा पुँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७
- महिलाद्वारा उत्पादित सामग्रीको प्रर्दशनी सम्बन्धी मापदण्ड, २०७७
- राष्ट्रपति महिला उद्यमी समुन्नती पुरस्कार छनौट मापदण्ड, २०७७
- हातैमा उद्यम मोवाईल एप्स निर्माण तथा संचालन मापदण्ड, २०७७
- राष्ट्रपति महिला उत्थान कार्यक्रम बहुआयामिक नमूना ग्राम अवधारणा-पत्र, २०७७
- राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७

**<u>अपाङ्गता भएका व्यक्ति सम्बन्धी</u>**

- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४(संशोधित)
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी नियमावली, २०७७
- अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण कार्यविधि (नमूना),२०७५

- अपाङ्गता सम्बन्धी सूचना तथा सहयोगी कक्ष (हेल्पडेक्स) संचालन सम्बन्धी कार्यविधि, २०७१
- ज्येष्ठ नागरिक, अपांगता भएका व्याक्ति, महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थालाई स्थानीय तह मार्फत अनुदान रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६
- सि.वि.आर. कार्यक्रम सञ्चालन निर्देशिका, २०६८
- पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको लागि आवासीय पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७२
- अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९
- सी.बी.आर. कार्यक्रम संचालनसम्बन्धी खर्च विधि, २०७२
- सार्वजनिक एवं सेवा प्रदायक संस्था बीचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको आवासीय पुनर्स्थापना सेवा सञ्चालन विधि, २०७२
- सि.बी.आर. कार्यक्रम कार्यान्वयन गर्नको लागि संस्था छनौट सम्बन्धी मापदण्ड, २०७१
- प्रदेशस्तरमा अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक सम्बन्धी सर्शत अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन २०७७

**ज्येष्ठ नागरिक सम्बन्धी**

- ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३
- ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५
- ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२
- ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६१
- ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७४
- ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्ने संस्थाले स्थानीय तहमार्फत उपलब्ध गराउने अनुदान सम्बन्धी नमूना कार्यविधि, २०७५
- ज्येष्ठ नागरिक अपांगता भएका व्यक्ति महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थालाई स्थानीय तह मार्फत अनुदान रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६
- ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी नमूना कार्यविधि, २०७६
- प्रदेशमा ज्येष्ठ नागरिक तथा अपाङ्गगता नागरिक ग्राम स्थापना अनुदान रकम सम्बन्धी कार्यविधि, २०७६
- केन्द्रीय ज्येष्ठनागरिक समितिमा सदस्यको मनोनयन सम्बन्धी मापदण्ड, २०७५
- ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्न स्थानीय तहको छनौट तथा केन्द्र सञ्चालन सम्बन्धी मापदण्ड, २०७७

**अन्य**

- स्थानीय तहमा महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपांगता विषय हेर्ने कर्मचारीको नमूना कार्यविवरण
- स्थानीय तहमा सञ्चालन गरिने महिला विकास कार्यक्रमको परिचय, उद्देश्य र कार्यान्वयन विधि

## ९. **आ. व. २०७८ साल श्रावणदेखि असोज मसान्तसम्ममा मन्त्रालय र अन्तर्गत संचालित कार्यक्रम/आयोजनाको प्रगतिविवरण**

### १. राष्ट्रपति महिला उत्थान समन्वय इकाइ

- बहुआयामिक नमूना ग्रामको लागि छनौट भएका तपसिल बमोजिमका बस्तीमा नमूना ग्रामको अवधारणापत्र सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।
  - सन्थाल बस्ती उर्लावारी नपा मोरङ मिति २०७८ श्रावण १० र ११
  - चेपाङ बस्ती राप्ति नपा चितवन मिति २०७८ श्रावण २९ र ३० गते
  - मुस्लिम बस्ती नेपालगञ्ज, बाँके मिति २०७८ अशोज ७ र ८ गते गते
  - मुसहर बस्ती गोलबजार नपा सिराहा अनुगमन मिति २०७८ श्रावण ११
- मंगला साहना दीर्घकालिन पुनस्थापनाका लागि जग्गा प्राप्ति भएको ।
- बहुआयामिक नमूना ग्रामको लागि छनौट भएका बस्तिको डि.पि.आर. तयारीका लागि बजेट हस्तान्तरण गरी पठाउनका लागि LMBIS मा प्रविष्टी गरिएको ।
- जिविकोपार्जन सुधार कार्यक्रमको लागि मानव विकास सूचकांकमा पछाडि परेका ५५ जिल्लाका १११ स्थानीय तह छनोट गरी सम्बन्धित स्थानीय तहमा बजेट तथा कार्यक्रम पठाइएको ।
- महिला उद्यमशिलता विकास सहजीकरण केन्द्र सञ्चालनका लागि १०० वटा स्थानीय तह छनोट गरी सम्बन्धित स्थानीय तहमा २ करोड बजेट तथा कार्यक्रम पठाइएको ।
- रोजगारमूलक तालिम संचालनका लागि नमूना वस्ती रहेका सम्बन्धित स्थानीय तहमा बजेट तथा कार्यक्रम पठाइएको ।
- दूर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको उद्धर कार्यक्रमको प्रभावकारिता सम्बन्धी अन्तरक्रिया कार्यक्रम संखुवासभामा सम्पन्न गरिएको ।
- दूर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिला ३७ जनाको उद्धार गरिएको ।
- महिला उद्यमीलाई प्रोत्साहन गर्नका लागि गण्डकी प्रदेशमा उद्यमी मेला सम्पन्न भएको ।
- रोजगारमूलक तालिम संचालनका लागि प्रति स्थानीय तह रु.११ लाखका दरले वित्तिय हस्तान्तरणमार्फत बजेट पठाउन अर्थ मन्त्रालयमा फाइल पेश गरिएको ।

### २. मानव वेचविखन तथा ओसार पसार नियन्त्रण शाखा

- मानव वेचविखन तथा ओसार पसार विरुद्ध राष्ट्रिय समिति १ वटा वैठक संचालन भएको ।
- मानव वेचबिखन तथा ओसारपसार विरूद्धको राष्ट्रिय दिवस (भाद्र २०)मा मानव बेचबिखन नियन्त्रणको लागि उत्कृष्ट कार्य गरेका ४ वटा (नेपाल प्रहरी, गैरसरकारी संस्था, मिडिया र निजामति कर्मचारी) क्षेत्रका १/१ जनालाई पुरस्कार प्रदान गर्ने घोषणा गरिएको । साथै १०४ जनाको उपस्थितिमा दिवस सम्पन्न तथा उत्कृष्ट संस्था तथा व्यक्तिलाई सम्मान तथा पुरस्कार वितरण गरिएको ।
- पार्लेमो प्रोटोकलको कार्यान्वयनको लागि परामर्शदाताबाट तयार गरीएको राष्ट्रिय कार्ययोजनाको मस्यौदा सम्बन्धमा कर्णाली प्रदेश र लुम्बिनी प्रदेशस्तरीय छलफल/परामर्श सम्पन्न भएको ।

- मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ संशोधनको लागि मस्यौदा तयार गर्न समिति गठन भइ कार्य प्रक्रिया अगाडि बढेको ।
- मानव वेचविखनबाट पीडित प्रभावितहरुको लागि संचालित पुनर्स्थापना केन्द्र सिन्धुपाल्चोकको अनुगमन गरियो ।पुनर्स्थापना केन्द्रमा १० जना पिडितहरुले सेवा प्राप्त गरिरहेको ।

## ३. लैगिंक हिंसा निवारण शाखा

- लैगिंक हिंसा निवारण कोष संचालन समितिको १ वटा बैठक बसेको
- लैगिंक हंसा निवारण कोषमा ४१.५ लाख रकम जम्मा गरिएको ।
- हिंसा पीडित महिला तथा किशोरीहरुलाई सुरक्षित रुपमा पुर्नस्थापना गर्न राष्ट्रियस्तरको मंगला साहना दीर्घकालीन पुर्नस्थापना केन्द्रको सञ्चालन गर्न १८ लाख रकम अनुदान प्रदान गरिएको
- लैगिंक हिंसा तथा मानव बेचविखन तथा ओसार पसार नियन्त्रण सम्बन्धी सन्देशमूलक कार्यक्रम उत्पादन गरी शुभ मिडिया होम प्रा.लि ले जनचेतनामूलक TVC निमार्ण सम्पन्न गरी भुक्तानी प्रक्रिया मा रहेको ।
- स्थानियतहका कर्मचारी तथा जनप्रतिनिधिलाई लैंगिक सहिष्णुता तथा लैंगिक हिंसा निवारण सम्बन्धी अन्तरक्रिया १ स्थानमा संचालन गरिएको ।
- सामाजिक कुरिति तथा हानिकारक अभ्यास विरुद्ध सचेतना कार्यक्रम १ स्थानमा संचालन गरिएको ।
- कोभिड, घरेलु हिंसा तथा अन्य समस्याका लागि मनोसामाजिक विमर्श केन्द्र सञ्चालन गर्ने ३६ वटा संघ-संस्थालाई अनुदान प्रदान गरिएको ।

## ४. महिला विकास तथा लैङ्गिक मुलप्रवाहीकरण शाखा

- लैंगिक सम्पर्क व्यक्तिहरुको क्षमता विकास अन्तरक्रिया कार्यक्रम संचालन गर्न लैंगिक सम्पर्क व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने काम सम्पन्न भई कार्यक्रमका लागि आवश्यक अन्य तयारी कार्य भईरहेको ।
- महिला विकास तथा लैंगिक मूलप्रवाहीकरणका लागि मौजुदा नीति तथा कानूनहरुको अध्ययन अनुसन्धान गरी सुझाव सहितको प्रतिवेदन तयारीका लागि परामर्शदाता छनौट गरी सम्झौता सम्पन्न भईसकेको र अध्ययन अनुसन्धान कार्य भईरहेको ।
- एकल महिला सुरक्षा कोषको एक पटक बैठक सम्पन्न भएको ।
- राष्ट्रिय लैंगिक समानता नीति २०७७ को कार्यान्वयन कार्ययोजना तयार भई राय सुझावका लागि सबै मन्त्रालय/आयोग तथा अन्य सरोकारवाला निकायहरु समक्ष पठाईएको ।
- एकल महिला सुरक्षा कोष मापदण्डको मस्यौदा तयार भएको।

## ५. ज्येष्ठ नागरिक संरक्षण शाखा

- २८ औ विश्व अल्जाइमर्श चेतना दिवश (२१ सेप्टेम्बर २०२१ ) २०७८/६/५ गते विभिन्न कार्यक्रम गरी सम्पन्न गरिएको ।
- ३१ औ विश्व अन्तरराष्ट्रिय ज्येष्ठ नागरिक दिवश ( १ अक्टोवर २०२१ ) २०७८/६/५ गते विभिन्न कार्यक्रम गरी सम्पन्न गरिएको ।
- आ.व. २०७८/७९ को वजेट मार्फत विनियोजित भएको सामाजिक विकास कार्यक्रमको रकम यस मन्त्रालयबाट स्थानीय तह मार्फत उपलब्ध गराउने अनुदानको लागि प्रक्रिया शुरु गरिएको ।

## ६. अपांगता अधिकार प्रवर्द्धन शाखा

- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयालई अपाङ्गतामैत्री निकायको रुपमा विकास गर्न संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय मार्फत डि.पि.आर. को अन्तिम मस्यौदा प्रतिवेदन तयार भएको।
- राष्ट्रिय निर्देशन समितिको तीनवटा वटा बैठक बसेको ।
- पूर्ण अशक्त अपाङ्ता भएका ३१ जनालाई आवासीय पुनर्स्थापनाका लागि सिफारिस गरी विभिन्न संस्थाहरुमा पठाइएको ।
- अपाङ्गता वर्गीकरण समितिको एक वटा बैठकको आयोजना गरिएको ।
- अपाङ्गता सम्बन्धी राष्ट्रिय नीतिको प्रारम्भिक मस्यौदा तयार भएको ।
- अपाङ्गता ग्राम स्थापना तथा सञ्चालन मिति २०७८/०३/१५ को मन्त्रिस्तरीय निर्णयानुसार राय सहमतिको लागि अर्थ मन्त्रालयमा पठाएकोमा हालसम्म राय सहमति प्राप्त नभएको ।
- कुष्ठरोग निवारण संघ काठमाडौंमा १३० जना कुष्ठ प्रभावित व्यक्तिहरुलाई पुनर्स्थापना सेवा उपलब्ध गराउने प्रथम किस्ता सम्झौता भई कार्यक्रम सञ्चालन भएको ।
- अपाङ्गता भएका व्यक्तिको उद्दार, संरक्षण, क्षमता विकासका लागि ३९ वटा संघसस्थाहरु मार्फत कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई परिपत्र गरिएको ।

## ७. तथ्यांक विश्लेषण तथा प्रकाशन शाखा

- मन्त्रालयको कार्यक्षेत्र समेट्ने गरी एकिकृत सूचना व्यवस्थापन प्रणाली बनाउने कार्यलाई अगाडी बढाईएको ।

## ८. बाल संरक्षण तथा विकास शाखा

- बालबालिका विरुद्द हुने हिंसा विरुद्धको दक्षिण एसियाली प्रयास (SAIEVAC) लाई पहिलो किस्ता वापतको रकम रु २५ लाख अनुदान उपलब्ध गराईएको।
- सिंहदरबारपरिसर भित्र दिवाशिशु स्याहार (Day Care) संचालन गर्न प्रथम त्रैमासिक सम्मको अनुदान रकम रु १६ लाख रकम उपलब्ध गराईएको ।
- राष्ट्रिय बालबालिका नीति, २०७८ र दश वर्षे रणनीतिक कार्ययोजनाको मस्यौदा तर्जुमा भएको।
- बाल अधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धी १९८९ (CRC) को छैठौ सातौ आवधिक प्रतिवेदन तयार गरी सरोकारवाला मन्त्रालयहरुको राय / सुझाव संकलन गर्ने कार्य भईरहेको।

- नेपाल बालसंगठन लाई बालगृह सञ्चालनार्थ पहिलो त्रैमासिकको १० लाख रकम अनुदान उपलब्ध गराईएको।
- राष्ट्रिय बाल दिवस २०७८ भाद्र २९ मा विविध कार्यक्रम गरी भव्य रुपमा मनाईयो।
- ८ अक्टोबरमा बालिका दिवस सम्पन्न गरिएको ।
- विज्ञ तथा सरोकारवालाहरुको संलग्नतामा बाल प्रज्ञा प्रतिष्ठानको अवधारणा-पत्र तयार गरिएको।
- एकवटा बालबालिका खोजतलास समन्वय केन्द्र १०४ को मर्मत सम्भार गरेको ।
- कर्णाली प्रदेश र सुदुरपश्चिममा प्रदेशस्तरीय समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रम संचालन गरेको ।
- सञ्चारकर्मीहरुसँगको नियमित अन्तरक्रिया तथा सूचना प्रवाह गरेको ।
- कार्यक्रम र प्रगति सम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशन र वितरण गरिएको ।
- बाल गृह तथा परिषद्बाट सञ्चालन भएका २६ वटा कार्यक्रम तथा सेवाहरुको अनुगमन गरिएको ।
- नेपाल र भारतमा ओसारपसार तथा वेवारीस बनाइएका १९ जना नेपाली बालबालिकाको उद्धार, स्वदेश फिर्ति, पारिवारिक पुनर्मिलन र सहायता प्रदन गरिएको ।
- वेवारीस भेटिएका, बाल गृहमा अनाधिकृत रुपमा राखिएका तथा अन्य जोखिमयुक्त अवस्थाबाट उद्धार गरिएका ५९ जना बालबालिकाको संरक्षण तथा व्यवस्थापनका लागि अस्थायी संरक्षण सेवा उपलब्ध गराउने ३ वटा सूचीकृत संस्थाहरुलाई अनुदान उपलब्ध गराइएको ।
- विशेष संरक्षणको आवश्यकता भएका, जोखिममा परेका र विपन्न परिवारका २१ बालबालिकाको संरक्षण
- ७४ जना सुस्त मनस्थिति, मानसिक विरामी तथा अपाङ्गता भएका कारण घर परिवारबाट परित्यक्त तथा बेवारीस बालबालिकालाई आवासीय संरक्षण सेवा प्रदान गरिएको ।
- विशेष संरक्षणको आवश्यकता भएका तथा बालबालिकाको कसूरबाट प्रभावित २५२ जना बालबालिकालाई उद्धा गरी १२४ जनालाई परिवारमा पुनर्मिलन, ३३ जनालाई वैकल्पिक स्याहारमा व्यवस्थापन र ९५ जनालाई अस्थायी संरक्षणमा राखिएको ।
- २०४३ जना जोखिमपूर्ण अव बालबालिकालाइ स्वास्थ उपचार कानूनी परामश मनोसामाजिक विर्मश अस्थायी संरक्षण शैक्षिक सहयोग प्रदान गरिएको
- १८ वटा हेल्प लाइनबाट ८१५६ कल संवोधन गरिएको ।
- नेपालगंज बाल सुधार गृह भवन निर्माणका लागि यादव कन्स्ट्रक्शन, गुलरिया बर्दियालाई थप रु.४० लाख पेश्की भुक्तानी गरिएको |
- विद्यालयस्तरका बालबालिकालाई लागु औषधी, दुर्व्यसनी, बालविवाह नियन्त्रण सम्बन्धी सचेतना अभिमुखिकरण कार्यक्रम २ स्थानमा संचालन गरिएको ।

## ९. संघसंस्था समन्वय शाखा

- १ वटा साधारण सम्झौता नविकरण गरिएको ।
- १६ वटा संस्थाको १७ वटा परियोजनाको सम्झौता सम्पन्न भएको ।
- ८ वटा संस्थाको परियोजना सम्झौता संशोधन भएको ।
- अनुगमन मूल्यांकन तर्फ ३ वटा अ.गै.स.स. र २० वटा गै.स.स. को अनुगमन मूल्यांकन सम्पन्न भएको ।

## १०. नीति योजना तथा अनुगमन शाखा

- मन्त्रालय स्तरीय विकास समस्या समाधान उप/समितिको बैठक तथा समीक्षा ४ वटा सम्पन्न गरिएको ।

- आर्थिक वर्ष २०७७/७८ मा  वार्षिक प्रगति पुस्तिकाको मस्यौदा तयार भएको
- संस्थागत अनुदान सम्बन्धी मापदण्ड, २०७७ लाई परिमार्जन गरिएको ।
- संविधानको धारा ५३ बमोजिम मन्त्रालय र अन्तर्गत निकायहरुबाट सम्पादन भएका कार्यक्रमहरुको प्रगति विवरण तयार पारी सम्बन्धित निकायमा पठाइएको ।
- मन्त्रालय र अन्तर्गत निकायहरुबाट आ.व. २०७७/७८ मा सम्पादन गरिएको वार्षिक प्रगति विवरणहरुलाई राष्ट्रिय योजना आयोगबाट प्राप्त ढाँचा बमोजिम तयार गरी पठाइएको ।
- सम्बन्धित निकायहरुमा पठाउनु पर्ने मासिक प्रगति प्रतिवेदन यथासमयमा पठाइएको ।

## ११. कानून तथा फैसला कार्यान्वयन शाखा

- विभिन्न महाशाखाबाट विभिन्न विषयमा राय माग भै आएकोमा ३ वटा महाशाखामा गरी जम्मा ९ वटा विषयमा राय पेश गरिएको ।
- सम्मानित अदालतको आदेश कार्यान्वयनको सिलसिलामा ८ वटा विभिन्न विषयका मुद्दाहरुको लिखित जवाफ पठाइएको ।
- श्री संघीय संसद प्रतिनिधि सभा राज्य व्यवस्थापन तथा सुशासन समितिबाट प्रत्यायोजित विधायन पेश गर्नु भनि लेखि आएकोमा सो पठाइएको ।
- मन्त्रालयसँग सम्बन्धित ३ वटा निर्देशिका, कार्यविधिलाई परिमार्जनसहित तोकिएको कानूनी ढाँचामा बनाइ पेश गरिएको ।

## १२. कर्मचारी प्रशासन शाखा

- अन्तर निकाय समन्वय र नियमित प्रशासनिक कार्यहरु गरिएको ।

**१३.** http://www.mowcsc.gov.np **मा वार्षिक प्रगति प्रतिवेदन राखिएको**

**१४. मन्त्रालयको वेबसाइटः** http://www.mowcsc.gov.np

**१५. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

सूचना अधिकारीलाई संवोधन गरी लिखित रुपमा माग गरिएका  २ वटा सूचना तथा मौखिक रुपमा माग गरिएका करिव १०० वटा सूचना उपलब्ध गराईएको ।

**१३. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन हुने विवरण**

http://dwd.gov.np/en

http://ncrc.gov.np/

http://www.swc.org.np/downloads